# नेपाल सरकार
# अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## सूचना !

आर्थिक ऐन, २०७२ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी वस्तुको कारोवारको हकमा मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने कारोवार र कमको सीमा (थ्रेसहोल्ड) वृद्धि गरी वार्षिक(बाह्र महिनाको) पचास लाख रुपैयाँ कायम गरेको छ। साथै, मूल्य अभिवृद्धि करमा स्वेच्छिक दर्ता सम्बन्धी व्यवस्थामा केही परिवर्तन गरी मूल्य अभिबृद्धि कर लाग्ने वस्तुको कारोबार गर्ने आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम पूर्व अनुमानित आय विवरण (डे-१) बुझाउने करदाताले स्वेच्छिक रुपमा समेत मूल्य अभिवृद्धि कर मा दर्ता हुन नपाउने व्यवस्था गरिएको छ। त्यसै गरी, विगतमा स्वेच्छिक दर्ता र अनिवार्य रुपमा दर्ता हुनुपर्ने कारोबार सम्बन्धी व्यवस्था अन्तर्गत मूल्य अभिवृद्धि करमा दर्ता भएका वार्षिक बीस लाख रुपैयाँभन्दा कमको करयोग्य वस्तुको कारोबार भई मूल्य अभिवृद्धि करमा दर्ता कायम रहेका करदाताको कारोबार आगामी बाह्र महिना (२०७३ आषाढ महिना सम्म) मा पचास लाख रुपैयाँ नपुगेमा कर अधिकृतले दर्ता खारेजीको प्रक्रियाको लागि आदेश दिनु पर्ने व्यवस्था समेत गरिएको छ ।

तसर्थ, हाल मूल्य अभिवृद्धि करमा दर्ता कायम रहेका आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम पूर्व अनुमानित आय विवरण बुझाउने कर दाता, विगतमा स्वेच्छिक दर्ता तथा अनिवार्य रुपमा दर्ता हुनुपर्ने कारोबार सम्बन्धी व्यवस्था अन्तर्गत मूल्य अभिवृद्धि करमा दर्ता भएका तर हाल कारोबार वार्षिक पचास लाख रुपैयाँभन्दा घटी भएका करदाताको आगामी बाह्र महिना(२०७३ आषाढ महिना सम्म)मा पचास लाख रुपैयाँ पुग्ने अनुमान नभएमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क राखी मूल्य अभिवृद्धि कर दर्ता खारेजीको लागि निवेदन दिन सक्ने व्यहोरा सरोकारवाला सबै करदाताको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।